**थप रकम उपलब्धः तपाईंलाई सरकारको विस्तारित कार्यक्रमले तपाईंको व्यवसाय वा मुनाफारहित संस्थालाई बचाइराख्न $10 मिलियन सम्म रकम प्रदान गर्न सक्छ**

अहिले नै कदम चाल्नुहोस्: पेचेक संरक्षण कार्यक्रम जो "पहिले आउँछ, उसले पहिले पाउने" आधारमा उपलब्ध हुने $310 बिलियन **थप गरेको** छ

## यो के हो ?

अमेरिकी साना व्यवसाय प्रशासन (Small Business Administration, SBA) पेचेक संरक्षण कार्यक्रम (Paycheck Protection Program, PPP)

1% ब्याजमा दुई-वर्षे ऋण जुन तपाईंले फिर्ता तिर्नुनपर्ने हुनसक्छ

यो ऋण साना व्यवसायहरूलाई कामदारलाई तलब दिइराख्नलाई प्रोत्साहन गर्न डिजाइन गरिएको हो

SBA ले यदि सबै कर्मचारीहरूलाई आठ हप्तासम्म तलब खुवाइराख्न सकेमा र उक्त रकम तलब , भाडा, धितोको ब्याज वा बिजुली पानीको लागि प्रयोग गरिएमा ऋणमा छुट दिनेछ ।

## को योग्य हुन्छन् ?

500 वा कम कर्मचारीहरू भएका व्यवसाय र गैर-नाफामुखी संस्था

## यो कसरी प्राप्त गर्न सकिन्छ ?

तपाईंको व्यवसायको खाता रहेको बैंकलाई उनीहरूले संघीय SBA पेचेक संरक्षण कार्यक्रम प्रदान गर्छन् कि गर्दैनन्, सोध्नुहोस्

यदि तपाईंको बैंकले कार्यक्रम उपलब्ध गराउँदछ भने: तिनले तपाईंलाई आवेदन प्रक्रियाको बारेमा बुझाउनेछन्

यदि तपाईंको बैंकले कार्यक्रम उपलब्ध गराउँदैन भने: विशेष SBA बैंकहरूको सूची हेर्नुहोस्

## ऋणले के-के समेट्छ ?

उक्त रकम निम्न कुराहरूको भुक्तानी गर्नमा प्रयोग गरियो भने ऋण पूरै मिनाहा गरिनेछः

- तलब खर्च
- धितोको ब्याज
- भाडा
- बिजुली पानीको बिल

## थप जानकारी वा सुझाव चाहनुहुन्छ ?

संघीय सरकारको कार्यक्रम सम्बन्धी जानकारी पृष्ठमा हेर्नुहोस्

SBA को पेचेक संरक्षण कार्यक्रमको वेबसाइट हेर्नुहोस्

तपाईंलाई मद्दत गर्न साना व्यवसाय केन्द्रहरू छन्: न्युयोर्क साना व्यवसाय विकास केन्द्रको (New York Small Business Development Center) वेबसाइट हेर्नुहोस्